December 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 2, Vol. 18 www.eurasiareiyukai.com

**यूराशिया रेयूकाई विश्वशान्ति निर्माण गर्न समाजमा योगदान दिने धेरै व्यक्ति निर्माण गर्ने सामाजिक संस्था हो ।**

## महागुरु काकुतारो कुबोज्यूको ७१औं पुण्यतिथि स्मरण समारोह एवं यूराशिया रेयूकाईको भव्य भेला



मार्गनिर्देशन प्रदान गर्दै संस्थापक अध्यक्षज्यू

महागुरु काकुतारो कुबोज्यूको ७१औं पुण्यतिथि स्मरण समारोह एवं यूराशिया रेयूकाई भव्य भेला समारोह सम्पुर्ण मिहाता स्वागत गरी १,०१२जनाको उपस्थितिमा भव्य रुपमा यूराशिया रेयूकाई १५औं शाखाको मुख्यहल कौशलटार भक्तपुरमा सम्पन्न भयो । साथै सम्पूर्ण यूराशिया रेयूकाई मिहाता शाखा,सम्पूर्ण समाज विकास केन्द्रमा र देश अनुसारको कार्यालयहरुमा सम्पन्न भयो । मुख्य समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूबाट प्रदान गर्नु भएको मार्गनिर्देशन सारंश ।

- यूराशिया रेयूकाई आज देखि मिलियन अभियानको दोश्रो चरणमा प्रवेश गरेको छ
- आफू र आध्यात्मिक संसारको दुरीलाई छोट्याउने महान जिम्मेवारी कर्तब्य पुरा गर्ने मौका पाउन खाडंग्यो अभ्यास गर्ने मौका पाउने हो ।
- त्रिकालको कर्मको सम्बन्धलाई बचाएर पुर्खाहरुको आत्मालाई बचाउने ब्यक्ति निर्माण गर्नु र कृतज्ञताको भावना लिएर आपनो पुर्खालाई आफैले बचाउने कार्यलाई कार्यान्वयन गरी कार्यान्वयन गराउने कार्य नै मिचिबिकि हो । यो नै मिलियन अभियान हो ।
- जीवनको आफ्नो कार्यद्धारा भविश्यको भाग्य परिवर्तन गर्दै जानुपर्छ ।
- आत्मा भित्र रहेको कर्मको सम्बन्ध सदस्यहरुद्धारा महशुस गराएर आफू स्वयं पनि परिर्वतन हुँदै जाने मौका पाईन्छ यस्तो मिचिबिकिको पुण्यफल रेयूकाईको लागी नभई आफनो लागी हो भनी कृतज्ञ हुनुपर्छ ।
- रेयूकाई शिक्षाको बेश कृतज्ञता हो अभिभावक साथी र परिवार वा दोश्रो ब्यक्ति प्रति कृतज्ञ हुनुपर्छ ।
- आफू स्वयं परिवर्तन भई आजको आफू बनेर यूवाले आत्मा परिवर्तन गरी महशुस गरी महशुस गराउने कुरा नै बिकास हो । के गर्दा समाज राम्रो हुन्छ भनेर आफैबाट कार्यान्वयन गरी कार्यानवयन गराई असल परिणाम देखा पार्नु पर्दछ ।



## हँसिलो अनुहारले अभिवादन, हँसिलो अनुहारले कृत्तज्ञता, हँसिलो अनुहारले प्रशंसा





## यूराशिया रेयूकाई १६औं शाखाको मिहाता हस्तान्तरण





यूराशिया रेयूकाईको भव्य भेला समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूको करकमलबाट यूराशिया रेयूकाई १६औं शाखाको मिहाता एवं मान्यता पत्र मिहाता जिम्मेवार शिबुचो श्री जीवन कुमार जोशीलाई हस्तान्तरण गर्नुभयो। सोही समारोहमा शिबुचो श्री लक्ष्मण जोशी र शिबुचो सुश्री धनेश्वरी प्रंजापतिलाई उपजिम्मेवार शिबुचोको मान्यता-पत्र प्रदान गर्नुभयो। १६ औं शाखाको मुख्यहल काठमाण्डौं स्थित धोबिधारामा रहने छ हाल १६औं शाखाको नेपाल र भारत देशमा गरी १३७,९०३ जना सदस्य रहेका छन।

## व्यक्तिगत अनुभव



नाम :श्रीमती सुनिता तामाङ्ग
क्षेत्र : झापा गौरादह
उपाधी : जुन-होजासु
शिबु : जीवन कुमार जोशी
मिचिविकी ओया : जितेन्द्र मानन्धर
मिहाता शाखा : १६औं शाखा

सबैलाई मेरो नमस्कार मेरो नाम सुनिता तामाङ्ग हो। मेरो क्षेत्र झापा गौरादह हो। मेरो मिचिविकी ओया जितेन्द्र मानन्धर हुनुहुन्छ। हाल म यूराशिया रेयूकाई १६औ शाखामा जुन-होजासुको रुपमा अभ्यास गर्ने मौका पाईरहकी। सन् २०१३ अप्रिलमा मिचिकिकी ओयोको मुस्कानयुक्त अनुहारले नमस्कार भन्दा म त्यो शब्दबाट प्रभावित भएर यो शिक्षामा प्रवेश गर्ने मौका पाएकी थिए। यस शिक्षासँग आवद्ध भए पछि विभिन्न कार्यक्रमहरु ९ र १८ तारिखको भेलाहरुमा सहभागी हुने मौका पाए। यसरी सहभागी हुदा रेयूकाई शिक्षाको बारेमा धेरै कुराहरु जान्ने मौका पाए। यो एउटा विशुद्ध सामाजिक संस्था रहेछ। जुनसुकै जातजाती, धर्म सम्प्रदायका जो कोहिले पनि यस शिक्षालाई सजिलै ग्रहण गर्न सकिने रहेछ। यसको लक्ष्य भनेको विश्व शान्ति र उद्धेश्य विश्व शान्तिको लागि प्रयास गर्ने धेरै भन्दा धेरै साधारण बोधिसत्वहरु हुर्काउदै जाने हो। रेयूकाईको व्यवहारिक शिक्षा नमस्कार, धन्यबाद र माफ गर्नू होस् र रेयूकाई शिक्षाको वेश भनेको कृतज्ञता हो भन्ने कुरा थाहा पाएपछि मैले यी कुराहरु व्यवहारिक जीवनमा लागु गर्न थाले। यसरी म आफैमा पनि एक किसिमको परिवर्तन आउन थाल्यो। भेलामा जादा संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन ग्रहण गर्ने मौका पाए र पूर्खास्मरणको महत्व बारेमा जान्ने मौका पाए। पूर्खास्मरणको बारेमा थाहा पाएपछि मिचिविकी ओयालाई अनुरोध गरेर घरमा सोकाईम्यो विराजमान गरी वितेर जानु भएको पुर्खाहरुको नाम संकलन गर्ने मौका पाउदा साँच्चै नै एउटा ठूलो सम्पति प्राप्त गरेको महसुस भयो। यसरी गोहोजामा सोकाईम्योलाई बिहान बेलुका पानी फुल र अफरिङ गरेर सुत्रपाठ चढाउदा मेरो दैनिक जिवनमा र साथै व्यापार व्यवसायमा पनि थाहै नपाईकन परिवर्तन आएको छ। म एउटा महिला भएर पनि पुर्खाहरुलाई यसरी स्वागत गर्न पाउदा एकदमै खुशी छु। रेयूकाई शिक्षाको अभ्यासको क्रममा मेलै विभिन्न क्षेत्रहरुमा मिचिविकी भेलाहरु, ओया भेलाहरु र जुन-होजास भेला गरी धेरै भन्दा धेरै मिचिविकी गरी पुर्खाहरुको आत्मा बचाउने मौका पाउदै आईरहेकी छु।

यसरी भेलाहरुमा मैले ग्रहण गर्ने मौका पाएको संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई पनि प्रवाह गर्ने मौका पाउदा र पुर्खा स्मरणको महत्वको वारेमा बताउदा सदस्यहरु प्रभावित भएर सोकाईम्यो को आवेदन गर्नु भयो। मैले मिचिविकी ओया मार्फत वहँहरुको घरमा सो काईम्योलाई स्थापना गरी वहाँहरुको वितेर जानु भएका पुस्तौ पुस्ताका पुर्खाहरुलाई स्वागत गरी ७ दिन सम्म सँगसगै सुत्रपाठ चढाउने भावना सिकाउन पाउदा साँच्चै नै पैसाले किन्न नसकेको खुशी पाएको महसुस भएको छ। यसरी म युवा महिला भएको नाताले महिलाहरु घर भित्र मात्र सिमित नभएर पुरुष सरह बाहिरको काम पनि गर्न सक्छन् भन्ने अभिप्रायले विभिन्न किसिमका सिपमुलक र आयमुलक तालिमहरु पनि आफुले सिकेर अरुलाई पनि तालिम दिँदै आईरहेकी छु। जसले गर्दा युवा शक्ति बिदेश जानबाट रोक्न लगाएर देश विकासको लागि केहि गर्ने मौका पाईरहेकी छु। हामी युवाहरु भनेको देश र राष्ट्लाई कांधमा बोकेर हाक्ने जनशक्ति हौं। यो शक्तिलाई खेर जान दिनु हुन भन्ने कुरालाई महसुस गरी राष्ट्को असल छोरी बन्ने कार्यमा लागि परेकी छु। अन्तमा मिलियन अभियान र ३ वर्ष १००० दिनको अभ्यासलाई कार्यान्वन गरी कार्यान्वयन गराई आध्यामिक संसारलाई शत प्रतिशत विश्वास गरी गोहोम्यो आत्मा ग्रहण समारोहमा सहभागी भई १०० दिनको अभ्यास १०० दिनमा नै पूरा गरी आफु अन्तर्गतका कम्तिमा ५०जना सदस्यहरुको घरमा साकोईम्यो लेखेर विराजमान गरी आफु उदाहरणीय होजासु बन्ने अभ्यास गर्ने प्रतिज्ञा गर्दछु। धन्यवाद नमस्कार।

## बाग्मती नदी सरसफाई अभियान

यूराशिया रेयूकाईबाट नागरीक सरसफाई अभियान निरन्तर सञ्चालन गर्दै आईरहेका छौं। जस अन्तरगत बिभिन्न टोल टोलमा कार्यक्रमहरु आयोजना गर्दै आईरहेका छौं। केहि हप्ता अगाडीबाट प्रत्येक शनिबार नेपाल सरकारबाट आयोजना गरीने बाग्मती सरसफाई अभियानमा यूराशिया रेयूकाईबाट निरन्तर सहभागी भई सरसफाई अभियानमा कार्य गर्ने मौका पाईरहेका छौं।



## सार्क सम्मेलनको तयारीमा सरसफाई अभियान

नेपाल देशको राजधानी काठमाण्डौंमा १८औं सार्क सम्मेलन आयोजना सँगै सार्क सम्मेलनको तयारी अन्तर्गत आयोजना गरेको सरसफाई अभियानमा ललितपुर उप महानगरपालिका वडा नं २ मा यूराशिया रेयूकाईका सदस्यहरुबाट सरसफाई अभियानमा उत्साहजनक सहभागीता रहेको थियो।



## क्रियाकलाप फोटो झलकहरु




जन चेतना र्‍याली, ११औं शाखा



बुनाई तालिम, १३औं शाखा



कढाई तालिम, १७औं शाखा



आँखा शिविर, २८औं शाखा